# कैलाश गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ४ संख्या ७ मिति २०७९।४।२६

# भाग २

## विपन्नसँग अध्यक्ष कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७९

गाउँ कार्यापालिकाबाट स्वीकृत मितिः२०७९।०४।२६

प्रमाणित मितिः२०७९।०४।२६

**प्रस्तावनाः** गाउँपालिका भित्र आर्थिक रुपमा विपन्न, लैङ्गिक हिंसाबाट प्रभावित, सामाजिक रुपमा बहिष्करणमा परेका, पिछडिएका र अतिसिमान्तकृत समुदायका महिला, दलित, जनजाति, बालबालिका, युवा, जेष्ठ नागरिकहरूको लागि सिप, क्षमता अभिबृद्धि, जीविकोपार्जन सुधार, उद्यमशिलता विकास र

सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले अर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम अनुसार विपन्न सँग अध्यक्ष कार्यक्रम कार्यान्वयनको लागि यस गाउँपालिका अन्तर्गतका सबै वडामा रहेका आर्थिक रुपमा विपन्न, लैङगिक हिंसाबाट प्रभावित, सामाजिक रुपमा बहिष्करणमा परेका, पिछडिएका र अतिसिमान्तकृत समुदायका महिला, दलित, जनजाति, बालबालिका, युवा, जेष्ठ नागरिकहरूको सामु कार्यक्रम विस्तार गर्न वाञ्छानीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम कैलाश गाउपालिका कार्यपालिकाको कार्यालयबाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

२. (क) यो कार्यविधिको नामः **"विपन्नसँग अध्यक्ष कार्यक्रम कार्यन्वयनको लागि बनेको कार्यविधि, २०७९"** रहेको छ ।

(ख) यो कार्यविधि कैलाश गाउपालिका गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले कैलाश गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख) "रकम" भन्नाले विपन्नसँग अध्यक्ष कार्यक्रम सञ्चालनका लागी कैलाश गाउँपालिकाको गाउँसभाबाट विनियोजन गरी सञ्चालन गरेको रकम भन्ने सम्झनु पर्दछ ।

(ग) “पिडित वा प्रभावित” भन्नाले हिंसाबाट पिडित वा प्रभावित भई स्रोत साधनको उपयोग गर्नबाट बन्चित महिला, बालबालिका, अपाङता, टुहुरा बालबालिका समेत भन्ने सम्झनु पर्दछ ।

(घ) “युवा” भन्नाले १६ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको महिला वा पुरुष सम्झनुपर्दछ ।

(ङ) “पिछडिएको र अति सिमान्तकृत” भन्नाले नेपाल सरकारले तोकेको पिछडिएका र अति सिमान्तकृत जातजाति र समुदायलाई सम्झनु पर्दछ ।

(च) “अनुगमन समिति” भन्नाले विपन्नसँग अध्यक्ष कार्यक्रमको प्रभावकार सन्चालन र व्यवस्थापनका लागी आवश्यक निर्देशन र अनुगमनका लागी नियम १४ (१) बमोजिम बनेको समितिलाई सम्झनु पर्दछ ।

(ख) “अनुदान” भन्नाले कैलाश गाउँकार्यपालिकाको तर्फबाट विपन्नको लागि भनि छुट्याइएको अनुदान रकम भन्ने सम्झनु पर्छ ।

(ग) “सेवाग्राही” भन्नाले अर्थिक रुपमा विपन्न, लैङगिक हिंसाबाट प्रभावित, सामाजिक रुपमा बहिष्करणमा परेका, पिछडिएका र अति सिमान्तकृत समुदायका महिला, दलित, जनजाति, बालबालिका, युवा, जेष्ठ नागरिकहरू भन्ने सम्झनु पर्छ ।

(घ) “कार्यक्रम” भन्नाले सिप, क्षमता अभिबृद्धि, जीविकोपार्जन सुधार, उद्यमशिलता विकास, सामाजिक सुरक्षा प्रदान हुने खालको कार्यक्रम भन्ने सम्झनु पर्दछ।

(ङ) "सञ्चालक समिति" भन्नाले विपन्नसँग अध्यक्ष कार्यक्रम कार्यन्वयन सम्बन्धी कार्यविधि २०७९ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

## परिच्छेद २

**३.उद्देश्य :**

यस कैलाश गाउँपालिका भित्रका -

१. आर्थिक अभावका कारण दैनिक जीवनयापन गर्न समस्या भएका परिवारका सदस्यहरुलाई ज्ञान, सीप क्षमता अभिबृद्धिका साथै रचनात्मक कार्यक्रमहरुमा आंशिक सहयोग उपलब्ध गराउँदै स्वाभिमानी आत्मपनिर्भर नागरिक उत्पादन ।

२. समुदायमा पिछडिएका र अति सिमान्तकृत समुदायका महिला, दलित, जनजाती, बालबालिका, जेष्ठ नागरिक अपाङता भएका परिवारहरुको आयआर्जनमा टेवा पुर्‍याउने ।

३. विभिन्न माध्यमबाट ज्ञान, सीप हासिल गरेका विपन्नहरुसँग बिउबिजनको रुपमा श्रोत साझेदारी गरी उद्यमशिलताको विकासको लागी टेवा पुर्‍याउने ।

४. गरीबी वा विपन्नताको कारणले अत्यन्तै जोखिममा रहेका परिवारहरुको स्वास्थ्य उपचार, काजकिया खर्च व्यवस्थापन लगायत अति मानविय संवेदनसँग जोडिएका समस्याहरुमा आंशिक सहयोग उपलब्ध गराउने ।

५. गरिबी न्यूनिकरणका लागि योगदान गर्ने ।

६. विपन्न समुदायसँग स्थानिय सरकारको पहुँच स्थापित गर्ने ।

## ४. अपेक्षित प्रतिफल :

१. आर्थिक अभाव कारण दैनिक जिवनयापन गर्न समस्या भएका परिवारहरुलाई जीविकोपार्जनमा सहयोग पुगेको हुनेछ ।

२. समुदायमा पिछडिएका र अति सिमान्तकृत समुदायमा महिला, दलित, जनजाती, बालबालिका,जेष्ठ नागरिक, अपाङता भएका परिवारहरुको आयआर्जनमा बृद्धि हुनेछ ।

३. विभिन्न माध्यमबाट ज्ञान सिप हासिल गरेका विपन्न्हरुसँग बीउपुजीँको रुपमा श्रोत साझेदारी गरी उद्यमशिलताको विकासको लागी टेवा पुग्नेछ ।

४. गरिबी न्यूनीकरणमा योगदान हुनेछ ।

५. राज्यको श्रोत साधन उपयोग तथा उपभोगबाट वन्चित विपन्न समुदायसँग स्थानिय सरकारको पहुचँ स्थापित भएको हुनेछ ।

६. अति जोखिममा रहेका समुदायहरुको मानविय संवेदनाका बिषयहरुमा जस्तैः स्वास्थ्य उपचार, काजकिया लगाएतमा यस कार्यक्रमले आंशिक राहत उपलब्ध गराउनुपर्नेछ ।

## ५. लाभान्वित परिवार छनोटका आधारहरुः

कैलाश गाउँपालिकाको विपन्नसँग अध्यक्ष कार्यक्रम अर्न्तगत देहाय बमोजिमका परिवारलाई लाभान्वित परिवारको रुपमा आर्थिक तथा व्यवसायिक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

१. आर्थिक रुपले विपन्न

२. लैङ्कि हिंसाबाट प्रभावित ।

३. सामाजिक रुपमा बहिस्करणमा परेका ।

४. पिछडिएका र अति सिमान्तकृत समुदायका महिला, दलित, जनजाती, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता भएका परिवार ।

## परिच्छेद ३

### ६. कोष सम्बन्धी व्यवस्था

#### १. कोषको खाता सञ्चालन

कोषको बैंक खाता सञ्चालन गा.पाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखा कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

#### २. कोषको आम्दानी

१. नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

२. प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।

३. अन्य स्थानीय सरकारबाट प्राप्त विनियोजन रकम ।

४. गाउँ सभा सदस्य, कर्मचारीहरुबाट स्वच्छेक निर्णयबाट प्राप्त रकम ।

५. स्वदेशी विभिन्न सरकारी गैरसरकारी संघसस्थाहरुबाट प्राप्त रकम ।

६. सरकारी तथा गैरसरकारी संस्थामा कार्यरत कर्मचारी, उद्योगी, व्यावसायी, पेशाकर्मी, राजनितिक दल, नागरिक सामाज, धार्मिक

परोपकारी संघसंस्था र आम सर्वसाधारणबाट स्वच्छिक रुपमा प्राप्त हुने रकम ।

७. गैर आवासिय नेपाली संघ,वैदेशिक सरकार तथा संघसस्थाको तर्फबाट प्रचलित कानूनको अधिनमा रहि प्राप्त हुने रकम ।

८. प्रचलित कानूनको अधिनमा रहि कोषको जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**७. अध्यक्षसँग विपन्न कार्यक्रम सञ्चालनका क्षेत्रहरु :**

कैलाश गाउँपालिकाको विपन्नसँग अध्यक्ष कार्यक्रम मार्फत प्रदान गरिएको सहयोग कार्यक्रम देहाय बमोजिमका आर्थिक सहायता तथा उद्यकशिलता विकासका लागी व्यवसायिक योजना बनाई खर्च गर्न सकिनेछ ।

१. सिप, क्षमता, अभिबृद्धि ।

२. जिविकोर्पाजन सुधार ।

३. उद्यमशिलता विकास ।

४. स्वास्थ्य तथा सामाजिक सुरक्षा ।

५. मृत्यु संकार अनुसारको काजक्रिया लगायत अन्य मानविय संवेदनशिलतामा विषयहरु ।

**८. खर्चका क्षेत्रहरुको सिमा निर्धारण सम्बन्धी व्यवस्थाः**

१. समान्यतया : अध्यक्षसँग विपन्न कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण सहयोग अध्यक्षसँग विपन्न कार्यक्रम कोष मार्फत उपलब्ध गराईनेछ ।

२. नियम ८ को देहाय १ मा जुनसुकै कुरा लेखिएको भएता पनि बमोजिम सञ्चालन गर्नको लागी चेक वा नगद हस्तान्तरण गर्न बाधा परेको मानिने छैन ।

३. लक्षित विपन्नलाई नियम ७ मा उल्लेखित क्षेत्रमा कार्य सञ्चालन गर्न रु. ५,०००/- देखी रु २०,०००/- हजारका दरले अनुदान सहयोग उपलब्ध गराईनेछ । लाभान्वितहरुको संख्या वार्षिक रुपमा गाउँसभाले तोके बमोजिम हुनेछ ।

४. कार्यक्रमकमे लाभान्वित व्यक्तिको कैलाश गाउँपालिका भित्र स्थायी बसोबास गरेको र नेपाली नागरिकता प्राप्त गरेको हुनु पर्नेछ ।

५. नियम ७ को देहाय क र ग - सिप, क्षमता अभिबृद्धि तथा उद्यमशिता विकास) मा लागी अनुदान सहयोग उपलब्ध गराउँदा सम्वन्धित विषयमा आवश्यक प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

६. विपन्नसँग अध्यक्ष कार्यक्रमका लाभान्वित व्यक्तिहरुको छनौट सम्बन्धित वडा र गाउँपालिकाबाट समुदायमा हुने भेटघाटहरु / अनुगमनमा आधारमा गरी छनौट समितिको सिफारिसमा र गाउँपालिकाको अध्यक्षले स्वीकृत गरी अनुदान रकम उपलब्ध गराईनेछ ।

**९. कोषको आय व्ययको लेखा तथा सोको सार्वजनिकिकरण:**

१. कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

२. कोषको मासिक रुपमा भएको आम्दानी र खर्च विवरण चौमासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

३. आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिना भित्र समितिले कोषको बार्षिक आय व्ययको विवरण समेत खुल्ने गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गर्नुपर्नेछ ।

## १०. कोषको लेखा परिक्षणः

१. कोषको आन्तिरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

२. कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षणबाट हुनेछ ।

## परिच्छेद ४

## ११. कार्यक्रम सञ्चालन प्रकृया र छनौट समितिको गठन

१. स्थानीय सरकार मार्फत परिचालित श्रोत साधन माथि प्रत्यक्ष पहुचँ स्थापित गराउँदै गरिबी निबारणमा टेवा पुर्‍याउने कैलाश गाउँपालिका भित्र रहेका गरिब तथा विपन्न परिवारहरुो पहिचान गरी वडाका प्रतिनिधिहरुको समन्वयमा विपन्नसगँ अध्यक्ष कार्यक्रम मार्फत लक्षित परिवारलाई प्रभावकारी सहयोग उपलब्ध गराउन लाभान्वित व्यक्तिले तयार गरेको अनुसूची बमोजिमको कार्ययोजनाको आधारमा ३ सदस्यीय छनौट समिति गठन गरिनेछ ।

२. अध्यक्षसँग विपन्न छनौट समितिमा देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| १) गाउँपालिका अध्यक्ष : | संयोजक |
| २) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत : | सदस्य |
| ३) गाउँकार्यपालिका दलित वा अल्पसङ्ख्यक सदस्य १ सहित २ जना : | सदस्य |
| ४) सामाजिक विकास शाखा प्रमुखः | सदस्य सचिव |

३. नियम ११ को देहाय २ बमोजिम गठन भएको समितिको सिफारिसमा गाउँपालिका अध्यक्षको स्वीकृत गरी अनुसुची २ बमोजिम गाउँपालिकामा सम्झौता गरेपछि अनुदान रकम हस्तान्तरण गरिनेछ ।

**१२. समितिको काम, कर्तव्य र अधिकार :**

१. लक्षित परिवारलाई आर्थिक व्यवसायिक योजनाका आधारमा सहयोग उपलब्ध गराउने

२.आर्थिक तथा व्यावसायिक योजना अनुसार सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने, गराउने

३ गाउँपालिका स्तरमा गरिबी निवारण तथा विपन्नाताका क्षेत्रमा कार्यरत विभिन्न संघसस्था तथा निकायको विच समन्वय गर्ने

४. गरिबिको रेखामुनी रहेका विपन्न परिवाहरुको सिप, क्षमता, अभिबृद्धि तथा उद्यमशिलता विकासका कार्यहरुमा जोड दिन उत्प्रेरित गर्ने

५.गाउँपालिका भित्रमा गरिबी तथा विपन्नता उन्मुलनका लागी विभिन्न कार्ययोजना बनाउन आवश्यक सहयोग गर्ने ।

## परिच्छेद ५
## विविध

**१३. अभिलेख राख्ने**

१. विपन्नसँग अध्यक्ष कार्यक्रम सहयोग सम्बन्धमा भए गरेका निर्णय र अन्य कागजातहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२. अभिलेख सामाजिक शाखाको जिम्मा रहनेछ ।

३. उक्त अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अधिलेख उपलब्ध गराइनेछ ।

**१४.अनुगमन मुल्याङ्कन :**

१. विपन्नसँग अध्यक्ष कार्यक्रम सञ्चालन र यसको प्रभावकारी अनुगमन र मुल्याङकनका प्रत्येक वडामा अध्यक्षको संयोजकत्वमा ३ सदस्यीय अनुगमन तथा मुल्याङकन समिति गठन गरिनेछ । जसमा निम्न बमोजिम सदस्य रहने व्यवस्था मिलाईनेछ ।

| | |
|---|---|
| १ वडा अध्यक्ष : | - संयोजक |
| २ वडा सचिव : | - सदस्य |
| ३ वडाको महिला सदस्य मध्येबाट १ जनाः | - सदस्य |

२. नियम १४ को देहाय १ बमोजिम गठन भएको समितिले कार्यक्रम मार्फत उपलब्ध गराएको रकम सदुपयोग भए नभएको बारे अनुगमन गर्नेछ ।

३. लाभान्वित व्यक्तिले अनुसुची १ बमोजिमको जीविकोर्पाजन सुधार योजना र अनुसुची २ बमोजिमको सम्झौता पत्र विपरीत खर्च गरेको पाइएमा सोको प्रतिवेदन गाउँपालिकामा पेश गरेको बिगो बराबरको रकम फिर्ता गराउन सहयोग गर्नुपर्नेछ ।

**१५.प्रतिवेदनः**

क) विपन्नसँग अध्यक्ष कार्यक्रम मार्फत प्रदान गरिएका सम्पूर्ण सहयोग वार्षिक प्रगति प्रतिवेदन गाउँसभा समक्ष पेश गर्नुपर्नेछ ।

ख) विपन्नसँग अध्यक्ष कार्यक्रम सहयोग मार्फत लाभान्वितशरुले प्राप्त गरेका लाभ तथा भएका उपलब्धीहरु तथा सफलताका कथाहरु गाउँपालिकाको प्रगति प्रतिवेदन मार्फत सार्वजनिकिकरण गर्नुपर्नेछ ।

ग) प्रतिवेदन सम्पूण जिम्मेवारी सामाजिक विकास शाखाको रहनेछ।

**१६. कार्यविधि संशोधन:**

यो कार्यविधि कुनै नियम, उपनियमहरु परिमार्जन गर्नु परेमा प्रचलित कानूनसँग बाझिएमा कार्यपालिकाको बैठकले आवश्यक संशोधन गरी स्वीकृत गर्न सक्नेछ ।

## अनुसूची -१

## विपन्नसँग अध्यक्ष कार्यक्रम सम्झौता पत्र

**प्रस्तावना:** कैलाश गाउँपालिकाको आ.व.२०७९।०८० मा विनियोजित विपन्नसँग अध्यक्ष कार्यक्रम अन्तर्गत आर्थिक रुपमा विपन्न, लैङ्गिक हिंसाबाट प्रभावित, सामाजिक रुपमा बहिष्करणमा परेका, पिछडिएका र अति सिमान्तकृत समुदायका महिला, दलित, जनजाति, बालबालिका, युवा, जेष्ठ नागरिकहरूको लागि सिप, क्षमता अभिबृद्धि, जीविकोपार्जन सुधार, उद्यमशिलता विकास र सामाजिक सुरक्षा प्रदानका लागि अनुदान सहयोग कार्यक्रम सञ्चालन गर्न सहमत भइ पक्षहरू (थाक्रे गाउँपालिका जसलाई प्रथम पक्ष र सम्बन्धित व्यक्ति जसलाई दोश्रो पक्षका रुपमा सम्बोधन गरिने छ) का बीचमा दुबै पक्षको आपसी सहमतिमा तल उल्लेखित शर्तहरू पालना गर्ने गरी यो सम्झौता पत्र तयार गरी दियौं/लियौं ।

### सम्झौताको शर्तहरू

### १) प्रथम पक्षबाट पूरा गर्नुपर्ने शर्तहरू

क) गाउँपालिकाको तर्फबाट आ.व.२०७९/०८० को विपन्नसँग अध्यक्ष कार्यक्रम अन्तर्गत सिप, क्षमता अभिबृद्धि/जीविकोपार्जन सुधार/ उद्यमशिलता विकास/ सामाजिक सुरक्षाका लागि अनुदान रकमको रुपमा एकमुष्ट रु. ५०००/- देखी रु २०००/- रुपैंया सम्म उपलब्ध गराउँने ।

ख) परियोजनामा उल्लेख गरे बमोजिमको कार्यमा लगानी गरी योजना सञ्चालन भए नभएको अनुगमन गरी अन्य शीर्षकमा खर्च गरेको पुष्टि भएमा बिगो बराबरको रकम असुल उपर गराउने ।

ग) कृषि तथा पशुपालनसँग सम्बन्धित योजनामा अनिवार्य बीमा गर्न आवश्यक परामर्श सेवा उपलब्ध गराउने ।

घ) अर्ध-वार्षिक रुपमा अनुदान रकम मार्फत सञ्चालित कार्यको अनुगमन गरी सोको प्रतिवेदन तयार गर्ने ।

**२) द्वितीय पक्षबाट पूरा गर्नुपर्ने शर्तहरू**

क) विपन्नसँग अध्यक्ष कार्यक्रम मार्फत प्राप्त भएको अनुदान योजनामा उल्लेख भए बमोजिमकार्य गरी योजना कार्यान्वयन गर्ने ।

ख) कृषि तथा पशुपालनसँग सम्बन्धी योजना कार्यान्वयन गर्दा अनिवार्य रुपमा बीमा गर्ने ।

ग) योजना कार्यान्वयनका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन मिलाउँने ।

घ) योजनाको प्रभावकारी कार्यान्वय र दिगोपनाको लागि आवश्यक सामाग्रीहरूको मर्मत सम्भार/कृषि तथा पशु वस्तुको स्याहार गरी बढी भन्दा बढी लाभ लिने ।

ङ) व्यवसाय सञ्चालनबाट प्राप्त उपलब्धि तथा समस्याहरूको बारेमा गाउँपालिकामा अर्ध-वार्षिक रुपमा जानकारी उपलब्ध गराउँने ।

च) आर्थिक सहयोग प्राप्त गर्ने व्यक्तिले अस्पतालको रिपोर्ट पेश गरि गाउँपालिकाको स्वास्थ्य शाखाबाट सिफारिस प्राप्त भएपछि मात्र सम्झौता रकम उपलब्ध गराइने छ ।

छ) तोकिएको योजनामा उल्लेख भए भन्दा अन्य खर्च गरेको प्रमाणीत भएमा सोको बिगो बराबर रकम गाउँपालिकालाई फिर्ता गर्न मन्जुर हुने साथै उक्त रकम फिर्ता नगरे गाउँपालिकाबाट उपलब्ध कुनै पनि सेवा, सिफारिस दिइने छैन ।

माथि उल्लेखित शर्तहरू मान्न तयार छौं भनी सम्झौता गर्ने पक्षहरूको तर्फबाटः

| **प्रथम पक्ष** | **द्वितीय पक्ष** |
|---|---|
| ................................... | ................................... |
| कैलाश गाउँपालिका | नामः ............................ |
| कालिकाटार, मकवानपुर | ठेगानाः ......................... |
| कार्यालयको छाप | सम्पर्क नं.:...................... |

लोक बहादुर मुक्तान

गाउँपालिका अध्यक्ष

**आज्ञाले**

प्रमुख प्रशासकीय अधिकृत



मूल्य रु.१०